**मिति २०८२।१०।०९ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८२/०८३ को नवौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी असिष्टेन्ट सब ईन्जिनियर श्री नरेन्द्र भण्डारीले कार्यालयमा पेश गरेको निवेदन अनुसार गण्डकी प्रदेश सरकारद्वारा जारी गरिएको स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली-२०८० को नियम ११२ बमोजिम मिति २०८२ पुष २४ गते देखि लागू हुनेगरी १ बर्षको लागि असाधरण विदा स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २** उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग, सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना भरपुर, चितवनको च.नं. १७९ मिति २०८२/०८/१५ को पत्र मार्फत आबश्यक प्राबिधिक निरीक्षण गरी बिग बोल्डर संकलनको अनुमतिका लागि गरिएको अनुरोध र जिल्ला विपद ब्यबस्थापन समितिको मिति २०८२/०९/२४ को निर्णय कार्यन्वयन साथै ठेक्का नं. NRMP/NCB/RTW/RB/01-081/082 र NRMP/NCB/RTW/RB/02-081/082 को लागि आबश्यक बिग बोल्डर संकलन तथा दुवानिको लागि यस नगरपालिका प्रस्ताबक रही पेश हुन आएको बिग बोल्डर संकलनका लागि मगरखोला बगर वडा नं.१८ को सम्क्षिप्त बातावरणीय अध्ययन प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३** नेपाल सरकार उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई विभाग, सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना भरतपुर, चितवनको च.नं. १७९, मिति २०८२/०८/१५ को सम्बन्धमा आयोजनाको कार्यक्षेत्र भित्र पर्ने नवलपरासी (ब.सु.पु) जिल्ला, गैंडाकोट नगरपालिका वडा नं. २ र ५ अन्तर्गत नारायणी नदिको दाँया किनारा संरक्षण तथा व्यवस्थापन कार्यका लागि ठेक्का नं. NRMP/NCB/RTW/RB/01-081/082 र NRMP/NCB/RTW/RB/02-081/082 बोजिम सम्झौता भई कार्य सुचारु रहेको साथै उक्त कार्यलाई सहज रुपमा अगाडी बढाउनका लागि गैंडाकोट नगरपालिका वडा नं. १८ स्थित महेश खोला तथा मगर खोलाबाट मिति २०८२/०८/१५ को नदिजन्य पदार्थ निर्देशक समितिको सिफारिस, जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८२/०९/२४ को निर्णय समेतका आधारमा प्रदेश सरकारले तोके बमोजिमको दरले हुन आउने राजश्व लिई उल्लेखित ठेक्काको निर्माण ब्यबसायी श्री पशुपति निर्माण सेवा, भरतपुर-१० लाई हाल मगर खोलाबाट माथी निर्णय नं. २ बमोजिम स्वीकृत गरिएको संक्षिप्त बातावरणीय अध्ययन प्रतिबेदनमा उल्लेखित ४,९४०.०० घ.मि.बिग बोल्डर उल्लेखित आयोजनाको निर्माण ब्याबसायी श्री पशुपति निर्माण सेवा, भरतपुर-१० चितवनलाई सोहि आयोजनामा मात्र प्रयोग गर्ने गरी बिग बोल्डर संकलन तथा ढुवानीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** गैडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक रहेका एवं निरन्तरताको लागि निवेदन पेश गरेका कर्मचारीहरुको मिति २०८२ माघ १ गते देखि लागू हुने गरी मिति २०८३ असार मसान्तसम्म (छ महिना) को लागि करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको गैंडाकोट नगरपालिकाको तथ्याङ्क अध्यावधिक गर्ने प्रयोजनको लागि तत्कालिन अवस्थामा भूमि आयोग खरेज भई औचित्य नरहेकोले सेवा करार रद्ध गरिएकोमा हाललाई भूमि तथा जग्गा प्रशासन शाखामा विगतमा करार पदमा कार्यरत सर्वेक्षक १ जनालाई सेवा करार नविकरण गरी तत्कालको लागि सेवा करार गराई कार्य गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको चालू आ.व. २०८२/०८३ का योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि सम्झौता गर्ने मिति २०८२ फागुन मसान्तसम्म अन्तिम मिति निर्धारण गर्ने निर्णय गरियो।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदनभक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल २०७३

CamScanner

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाले चालु आ.ब. २०८२/०८३ को लागि नगर क्षेत्र भित्रका खोलानाला/नदिहरुबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यसञ्चालन दिगो रुपमा बन्दबस्त गर्न तपसिलका खोला/नदीहरुको अध्यावधिक भएको प्रारम्भिक बाताबरणीय प्रतिबेदन स्वीकृत गर्ने साथै उक्त प्रतिवेदन बमोजिमका क्षेत्रबाट नदीजन्य पदार्थ विक्री तथा ठेक्का प्रक्रिया अगाडी बढाउने

| क्र.स. | नदी/खोलाको नाम | घाटको नाम | क्षेत्रको नाम |
|---|---|---|---|
| १. | नारायणी नदी-क | जैनटार | होटललाईन थुम्सी बजार वडा नं.-९ |
| २. | नारायणी नदी-ख | मुरलिटार | मासु फ्याक्ट्री दक्षिण वडा नं.-७ |
| ३. | नारायणी नदी-ग | खलेचौर | मासु फ्याक्ट्री दक्षिण वडा नं.-७ |
| ४. | नारायणी नदी-घ | मझुवा | मझुवा बन, वडा नं.२ |
| ५. | हर्दि खोला | हर्दि | हर्दी खोला- कालिगण्डकी दोभान वडा नं. ३ |
| ६. | कालिगण्डकी नदी | केलादी | केलादी दक्षिण, वडा नं. ३ |
| ७. | महेश्वोर खोला | भटेरी | महेश्वोर खोला- कालिगण्डकी दोभान वडा नं. ३ |

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि राष्ट्रिय योजना आयोगमा समपुरक तथा विशेष अनुदान अन्तर्गत देहायका योजनाहरु अनुमानित लागत सहित माग गरी पठाउने निर्णय गरियो।

| | |
|---|---|
| **समपुरक अनुदान तर्फ** | |
| १ | धारापानी टोल अन्तर्गतको शुवेदार मार्ग सडक निर्माण तथा स्तरोन्नती वडा नं. १ |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं. १४ |
| ३ | वडा कार्यालय भवन निर्माण वडा नं. १८ |
| **विशेष अनुदान तर्फ** | |
| १ | जयश्री खोला तटबन्धन वडा नं. ७, ८,९ |
| २ | मणी मुकुन्दसेन दरबार पुनःनिर्माण गैंडाकोट ११ र ३ |
| ३ | धवाह ताल पर्यटन पूर्वाधार निर्माण गैंडाकोट -८ |

**निर्णय नं.९** गैंडाकोट नगरपालिका अन्तर्गतका विभिन्न वडा समितिबाट सिफारिस भई आएका एवं नगर भित्रका विभिन्न संघ संस्थाहरुबाट बजेट माग भई आएको सन्दर्भमा आवश्यकता र औचित्यका आधारमा देहाय बमोजिम योजना तथा कार्यक्रमहरुमा अन्य संस्था सहायता र आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट खर्च लेख्ने गरी बजेट बाँडफाँड गर्ने निर्णय गरियो।

क) नवजागरण ग्रामिण विकास केन्द्र गैंडाकोट -९ ले आयोजना गरेको मेयर कप क्रिकेट प्रतियोगिताको लागि थप बजेट रु . १५ लाख

ख) श्री कैलाश सन्यास आश्रम गैंडाकोट -१३ को निर्माणाधिन क्रियापुत्री भवन निर्माणको लागि रु. १५ लाख

ग) जिल्ला उद्योग वाणिज्य संघ गैंडाकोटले आयोजना गरेको चौथो गैंडाकोट महोत्सवको लागि सहआयोजक गैंडाकोट नगरपालिकाको तर्फबाट रु.२ लाख ५० हजार उपलब्ध गराउने।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

[illegible] भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं.१०** नगर कार्यपालिकाको कार्यालयबाट आ.व.२०८२/०८३ मा व्यवस्थापन भएका तपसिल बमोजिमका ठेक्काहरुको सम्बन्धित ठेकेदार कम्पनीहरुबाट प्राप्त निवेदन तथा निर्माणस्थलमा देखिएको कार्यप्रगति,उक्त कम्पनीहरुले पेश गरेको कारण र औचित्य समेतका आधारमा गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद् नियमावली २०७७ को नियम १२९ बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | ठेक्का प्राप्त कर्ता कम्पनी र कार्य स्थलको नाम ठेगाना | सम्झौता बमोजिम अन्तिम म्याद | नयाँ कार्य सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | Construction of River training work at Jayshree Khola Located in ward 3,4,7,8 & 9 | ID-15/GM/NCB/2081-082 | Jayshree Kaligandaki Group of Construction, ktm | 2082.08.30 | 30th fagun 2082 |
| २ | Construction of River training work at Jayshree Khola Phase II Located in ward 3,4,7,8 & 9 | ID-12/GM/NCB/2080-081 | Jayshree Kaligandaki Group of Construction, ktm | 2082/08/30 | 30th fagun 2082 |
| ३ | Constraction of Ward Office Building at Ward no. 13 of Gaindakot Municipality Nawalpur | 08/GM/NCB/2081-082 | New Buildcon Design and Developers | 2082/06/31 | 30th fagun 2082 |

**निर्णय नं.११** गण्डकी प्रदेश सरकारवाट मिति २०७९/११/१८ गते प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवाको (गठन तथा संचालन) र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न वनेको "स्थानीय सेवाको (गठन तथा संचालन ) ऐन २०७९ को दफा २७ बमोजिम यस कार्यालयको मिति २०८२।०९।१६ गते प्रकाशित सूचनामा तोकिएको समय भित्र तोकीए बमोजिमको आवेदन फारम भरेका दफा ३१ बमोजिम नकारात्मक सूचिमा नपरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह र उपसमूह भित्रको पदमा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि गर्ने छ भन्ने व्यवस्था रहेकाले यस गैंडाकोट नगरपालिका कार्यालयमा कार्यरत रहेका र तहबृद्धिको लागि निवेदन पेश गरेका मध्ये प्रचलित कानून अनुसार देहाय बमोजिमका योग्यता पुगेका कर्मचारीहरुलाई मिति २०८२।१०।१ देखि लागू हुने गरी तहवृद्धि गर्न निर्देशन दिने निणर्य गरियो ।

| क्र.सं | कर्मचारीको नाम थर | शुरु नियुक्ति भएको पद नाम/ सेवा,समूह | तहबृद्धि पश्चातको पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सुमन पौडेल | स्थानीय प्रशासन सेवा,प्रशासन समूह, सहायक पाँचौ | स्थानीय प्रशासन सेवा, सहायक प्रशासकीय अधिकृत, छैटौं | |

**निर्णय नं. १२** गैंडाकोट नगर क्षेत्र भित्र घुम्ती ठेला/ ई-रिक्सा लगायतका सवारी साधनहरुको प्रयोग गरी विहान बेलुकाको समयमा विभिन्न प्रकारका सामाग्रीहरु बिक्री गर्ने प्रयोजनका लागि नगर भित्रका सडकहरुमा चर्को आवाजमा स्पिकरहरु बजाएर उत्पन्न भएको वातावरणीय प्रदुषणलाई न्यूनीकरण सहित सरोकारवालाहरुसंग आवश्यक समन्वय गरी गैंडाकोट नगरपालिकाका क्षेत्रभित्रको हकमा तरकारी तथा फलफूलको लागि मात्र व्यवसाय दर्ता गरी सञ्चालन गर्न दिने तर यसरी सञ्चालन हुने उक्त व्यवसायहरुलाई व्यवसाय प्रयोजनका लागि सञ्चालित सोही प्रकृतिका दर्ता गरी सञ्चालनमा रहेका पसलहरु भन्दा २०० मिटर आसपासमा वेचबिखन गर्न नपाउने गरी उचित व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

[illegible] अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. १३** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ११ | कुमारवर्ती आ.वि.को पछाडीबाट मुन्ना टोल हुँदै चुवाडीसम्मको बाटो पिच क्र.सं. ५२६ | रु.२०,००,०००/- | कुमारवर्ती आ.वि.को पछाडीबाट मुन्ना टोल हुँदै चुवाडीसम्मको बाटो ढलान | रु.२०,००,०००/- |
| ११ | दुधमा विविधिकरण कार्यक्रम क्र.सं.१९७ | रु.१०,००,०००/- | कोल्डस्टोर निर्माण | रु.१०,००,०००/- |
| १२ | वडा नं. १२ को कोठा थप ट्रस्ट निर्माण क्र.सं.१८० | रु.१०,००,०००/- | वडा नं. १२ को वडा कार्यालय भवनको कोठा थप | रु.१०,००,०००/- |

रामचन्द्र लामगादे
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदनभक्त अधिकारी
नगर प्रमुख